# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४४) काठमाडौं, साउन २४ गते २०५१ साल (संख्या १७

## भाग ३

श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित भएको मितिले दुई वर्ष पछिदेखि नेपालबाट अर्ध प्रशोधित (Wet Blue) छालाको निकासीमा प्रतिबन्ध लगाउने गरी मिति २०५१।४।१० गत निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दुर्गाप्रकाश पाण्डेय
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी विदेशबाट पैठारी हुने तोरी, रायो र सर्स्यूँको गेडा (आलस बाहेक) मा बिक्रीकर महसुल पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत (उप-सचिव)



223

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ बंगलादेशको राजधानी ढाकामा आयोजना हुने दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को स्थायी समिति तथा मन्त्रिस्तरीय बैठकमा भाग लिन त्यसतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री मुरारीराज शर्मालाई मिति २०५१।४।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलराम सिंह मल्ल
श्री ५ को सरकारको सचिव

228



मुद्रण विभाग सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग